# कावासोती नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कावासोती, नवलपरासी(ब.सु.पू.)

**कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रणका लागि विपत व्यवस्थापन समितिको बैठकबाट भएका प्रस्ताव तथा निर्णयहरु विवरण**

**मिति: २०७७/१/२४**

१. यस कावासोती नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाट कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि सहयोग पुर्याउन स्थापना गरेको विपद व्यवस्थापन कोषमा आज मितिमा प्राप्त जिन्सी तथा रकम विवरण निम्नानुसार रहेको भनि निर्णय पारित गरियो।

| क्र.स. | सहयोग पुर्याउनुहुने संस्था/व्यक्तीको नाम | रकम | जिन्सी | प्याकेज | कैफियत |
|---|---|---|---|---|---|
| १ | असल छिमेकी नेपाल | ० | ० | १७० प्याकेज | न.पा.को मापदण्ड अनुसार राहत प्याकेज |

१. यस कावासोती नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट कोरोना भाइरस (COVID-19) संङ्क्रमण, नियन्त्रण तथा उपचारका लागि सहयोग पुर्याउन स्थापना गरेको विपद व्यवस्थापन कोषमा आजको मितिमा प्राप्त रकम तथा जिन्सी सामानहरुको विवरण निम्नानुसार रहेको भनि निर्णय पारित गरियो।

| क्र.स. | सहयोग पुर्याउनुहुने व्यक्ती/संस्थाहरुको विवरण | रकम/जिन्सी | कैफियत |
|---|---|---|---|
| १ | हरि कृष्ण महर्जन कावासोती नगरपालिका वडा नं १४ | १३३ प्याकेज | न.पा.ले तय गरेको राहत प्याकेज बमोजिम १३३ विपन्न परिवारको लागि |
| २ | तिलक चन्द सापकोटा | ५ प्याकेज | न.पा.ले तय गरेको राहत प्याकेज बमोजिम ५ विपन्न परिवारको लागि |
| ३. | दिपक तिवारी | ५ प्याकेज | न.पा.ले तय गरेको राहत प्याकेज बमोजिम ५ विपन्न परिवारको लागि |
| ४. | डायमण्ड यूथ क्लब कावासोती १२ | ३० प्याकेज | न.पा.ले तय गरेको राहत प्याकेज बमोजिम ३० विपन्न परिवारको लागि |
| ५. | साना किसान कृषि सहकारी संस्था लि. अग्यौली, कावासोती १४ | ७००००।- | चेक मार्फत |

२. **क्लोरिन छर्ने सम्बन्धमाः** प्रस्ताव नं. २ माथी छलफल गर्दा विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस(COVID-19) को जोखिम नियन्त्रण तथा न्यूनिकरणका साथै मौसमी रुपमा देखा पर्ने विभिन्न रोगहरुको नियन्त्रण गर्नका लागि कावासोती नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक वनहरुको सहयोगमा प्राप्त ३५०० के.जी. क्लोरिन १ देखि १७ वडामा निम्नानुसार छर्ने निर्णय गरियो।

**तपशिलः**

- वडा अध्यक्ष, वडा सदस्यहरु र सामुदायिक वनको समन्वयमा आफ्नो वडा भित्र क्लोरिन छर्ने क्षेत्र र रुट निर्धारण गर्ने।
- आ-आफ्नो वडामा क्लोरिन छर्नु पूर्व कृषक र स्थानिय समुदायलाई माइकिङ गरि सुसुचित गराउने।
- क्लोरिन छर्ने बेलामा काम गर्ने जनशक्तीको व्यवस्थापन तथा जनशक्तीलाई आवश्यक पर्ने सामाग्रीहरुः चश्मा, पन्जा, मास्क सम्बन्धित वडाले नै व्यवस्थापन गर्ने।
- उपलब्ध भए सम्म आवश्यक पर्ने ट्र्याक्टर, टेङ्कर, मोटर निशुल्क रुपमा व्यवस्थापनका लागि वडा कार्यालयले पहल गर्ने र नपाएमा त्यसमा लाग्ने खर्च कावासोती नगरपालिकाले व्यवस्था गर्ने।
- २ के.जी. ब्लिचिङ् पाउडर (क्लोरिन) ५ लिटर पानीमा राम्रो सँग घोली छानेर १००० लि.को पानी ट्याङ्कीमा मिसाउने । क्लोरिन छर्ने पानी ट्याङ्की ठुलो क्षमताको भएमा त्यहि अनुपातमा ब्लिचिङ पाउडर तयार गरि मिसाउने।
- १,३, ८ र १७ वडा लाई प्रति वडा रु ६०००।– र अन्य बाँकि रहेका वडाहरुलाई प्रति वडा रु ५०००।– का दरले क्लोरिन छर्नमा व्यवस्थापनका लागि कावासोती नगरपालिका बाट बजेटको व्यवस्था गर्ने । रकम नपुगेको खण्डमा वडामा विनियोजन भएको कार्यालय व्यवस्थापन चालु खर्चबाट व्यवस्थापन गर्ने।
- वडा नं ९ लाई ५० के.जी र अन्य वडा लाई १०० के.जी. का दरले पहिलो चरणमा क्लोरिन पठाउने ।